नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

**मितिः- २०७८।१२।०२**

## सूचना

राजस्व अनुसन्धान विभाग र विभाग मातहतका कार्यालयहरुबाट VCTS अनुगमन, नियमित गस्ती, सूचनाका आधारमा गरिने कारवाही साथै आकास्मिक निरीक्षणका क्रममा व्यवसायिक फर्म, सवारी साधन, कारोबार स्थल समेतमा प्रचलित कानूनले निर्धारण गरेका मापदण्ड भन्दा फरक किसिमका व्यवहारहरु अझै पाईएकाले कानूनले निषेध गरेका देहाय बमोजिमका क्रियाकलापहरु नियन्त्रणका लागि विभाग र मातहतका कार्यालयका साथै सुरक्षा निकाय, स्थानिय राजस्व चुहावट नियन्त्रण समिति र व्यवसायिक संघसंस्थाहरु समेत लागिरहेको अवस्था विद्यमान छ । कानून बमोजिमको कारोबार र व्यवहारलाई विभागले प्रद्धर्धन गर्ने र अन्यथा क्रियाकलापलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधान २०७६) को दफा ४ ले राजस्व चुहावटको कसुर मानिने हुँदा यस्ता क्रियाकलापबाट सवै सचेत रहन, कोही कसैले प्रलोभनमा पारी त्यस्ता क्रियाकलाप गर्न गराउन खोजेमा समयमै सम्वन्धित निकायमा खवर गर्न सम्वन्धित सबैमा यो सूचना जारी गरिएको छ । यसरी दिएको सूचना बमोजिम भएको कारवाही ठहरेमा पुरस्कारको व्यवस्था कानूनमा व्यवस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

### देहाय

१. आफुले गरेको कारोबारलाई Vehicle & Consignment Tracking System –(**VCTS**) प्रणालिमा प्रविष्ट गरी बस्तु ओसारपसार गर्नु पर्ने व्यवस्थाको कार्यान्वयन क्रमश बृद्धी हुदै गईरहेको भएपनि कतिपय कारोबारहरु अझै यस प्रणालीमा आवद्ध नगरी बस्तुको ओसारपासर गर्ने, आंशिकरुपमा प्रविष्ट गर्ने गरेको अनुगमनका क्रममा पाईएकाले सवै व्यवसायिक कारोबारहरु VCTS प्रणालीमा अनिवार्य रुपमा प्रविष्ट गर्नु हुन अनुरोध छ ।

२. बस्तुको ओसारपसार गर्दा विल र VCTS प्रविष्ट गरेको प्रमाणसंगै लिएर चालक एवं संलग्न कर्मचारी हिडेको तर कतिपय कारोबारहरु बैधानिक तवरबाट पैठारी नभएका वा खरिद भएका वस्तुमात्र नभई चोरी पैठारीबाट भित्रिएका मालवस्तुहरु समेत एकै विल विजकबाट

ओसारपसार गरेको अनुगमनको क्रममा पाईएकाले आफूले गर्ने कारोबारहरु कानून बमोजिम भए मात्र वस्तु खरिद विक्री गर्ने तथा भण्डारण गर्ने गर्नु हुनु ।

३. सिमानाकाहरु नजिक रहेका कारोबार स्थलबाट मुलुकका अन्य भागमा पैठारी भई जाने मालवाहक साधन र सवारी सधानमा समेत चोरी पैठारी मार्फत भित्रिएका वस्तुहरु विचबाटोबाट **(रड, सिमेन्ट, खाद्यन्न र काठका ढुवानी सधानमा कपडा, मोटर पर्टस, हर्डवयेरका सामान तथा सुर्तिजन्य पदार्थहरु)** थप गरी गन्तव्य स्थलतर्फ पठाउने गरेको पाईएकाले, ढुवानी साधन, चालक र उक्त कारोबारमा संलग्न व्यक्तिहरुलाई नियन्त्रणमा लिई कारवाहीहरु विभागबाट भई रहेको । छानविनका क्रममा कतिपय व्यक्तिहरुले आफुलाई जानकारी नभएको भनि भन्ने गरेको, क्षणिक फाईदाको लागि हुने यस्ता कृयाकलापबाट अलग रहन अनुरोध छ । त्यस्तो कृयाकलापमा संलग्न व्यक्तिलाई जेलम्म हुन सक्ने र ढुवानीको साधन समेत जफत हुने व्यवस्था रहेको ।

४. ट्रान्सर्पोटबाट हुने ढुवानीका मालवस्तुहरु एक भन्दा वढी व्यवसायिक फर्मका हुने र ढुवानीको साधन एउटै हुँदा यसको जिम्मेवारी ट्रान्सर्पोट कम्पनीको समेत हुने व्यवस्था कानूनले गरेको छ । अनुगमनको क्रममा कतिपय सामान ढुवानी गर्ने ट्रान्सर्पोट कम्पनिहरुले वुझाउनु पर्ने व्यक्ति वा फर्महरुलाई नवुझाई अन्य व्यक्तिलाई समेत वुझाएको देखिदा कारवाही व्यहोर्नु पर्ने अवस्था विद्यमान भएकोले सामानको वस्तविक धनि पहिचान गरी सामान वुझ्ने र वुझाउने व्यवस्था गर्नु हुन ।

५. नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी हुने परिपत्रका आधारमा एक पटकमा व्यक्तिले नगद लिई हिडने सिमाभन्दा अधिक रकम समेत नगदै वरामद हुने गरेको पाईएको । व्यवसायिक कारोबारमा रु. ५० हजार भन्दा माथि चेकबाट मात्र भुक्तानी हुनु पर्नेमा व्यवसायिक कारोबारको रकम हो भनि दावी समेत गरेको देखिन्छ । तोकिएको सिमाभन्दा वढी नगद कारोबार गर्ने व्यवसायिक फर्महरुको सम्पूर्ण व्यवसाय कारोबारको समेत छानविन हुने हुँदा गैर व्यवसायिक कारोबार नगर्नु हुन अनुरोध छ ।

६. हालैका दिनहरुमा सर्वसाधारण व्यक्तिहरु समेतलाई तत्काले धेरै नाफा हुने प्रलोभनमा वा अर्काको नामबाट बैंकखाता खोली कारोबार गर्ने गराउने प्रवृत्तीमा बढोत्तरी भएको सूचनालाई आधारमानी विभागले केही व्यक्तिहरुउपर अनुसन्धान र सम्वन्धित अदालतमा अभियोजन समेत गरिसकेको छ । 1xbet, Binance, Adv Cash, Coinbase, Paxfull लगायतका Digital APP हरुबाट हुने कारोबार कानुनले निषेधित गरेको हुनाले यस्ता गैरैर कानुनी क्रियाकलापमा संलग्न नहुन अनुरोध छ ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**